# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ४ सङ्ख्या : ४ मिति : २०७७/०३/३०

**भाग-२**

**हतुवागढी गाउँपालिका**

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७७/०३/३०

हतुवागढी राजपत्र

# सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम सञ्चलान कार्यविधि, २०७७

# सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः-

हतुवागढी गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

हतुवागढी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

# सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"रहनेछ ।

(ख) यो कार्यविधि हतुवागढी गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले हतुवागढी गाउँपालिका सम्झनुपर्दछ ।

(ख) "कृषि विकास शाखा" भन्नाले हतुवागढी गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले हतुवागढी गाउँपालिकाको कृषि विकास कार्यक्रम सम्झनु पर्दछ ।

(घ) "समूह" भन्नाले हतुवागढी गाउँपालिका भित्रका तथा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषक समूह सम्झनु पर्दछ ।

(ङ) "सहकारी" भन्नाले हतुवागढी गाउँपालिका भित्रका तथा साविकमा डिभिजन सहकारी कार्यालयमा हाल हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयमा विधिवत रुपमा दर्ता भई सकृय कृषि सहकारी सम्झनु पर्दछ ।

(च) "फर्म" भन्नाले हतुवागढी गाउँपालिका भित्रका तथा एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भई कृषि कार्यमा संलग्न सकृय कृषि फर्म सम्झनु पर्दछ ।

(छ) "प्लेट वास " भन्नाले अनुसुची ३ बमोजिमको भाँडा धुने जुठेल्नो सम्झनु पर्छ।

(ज) "पिट" भन्नाले अनुसुची ३ बमोजिमको जुठेल्नोको पानी संचित गर्ने ट्याङ्की सम्झनु पर्दछ।

(झ) "कार्यदल" भन्नाले गाउँपालिकामा गठित कार्यदल सम्झनु पर्दछ ।

(ञ) "कृषक" भन्नाले हतुवागढी गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गरि कृषि कर्म गरिरहेको व्यक्ति सम्झनु पर्दछ ।

(ट) "प्राविधिक" भन्नाले नेपाल ईन्जिनियरिङ्ग सेवाका कर्मचारी सम्झनु पर्दछ।

(ठ) "कृषी प्राविधिक" भन्नाले नेपाल कृषि सेवाका कर्मचारी सम्झनु पर्दछ।

(ड) कार्यालय/गाउँपालिकाको कार्यालय भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ढ) "सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम अनुगमन तथा मुल्याङ्कन समिति" भन्नाले सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम सञ्चालनको क्रममा स्थलगत अनुगमन, निरिक्षणका लागि गठित समिति बुझ्नुपर्दछ । सो समिति गाउँपालिकाको उपाध्यक्षको वा गाउँपालिकाले तोकेको कुनै एक जनप्रतिनिधीको नेतृत्वमा, कृषि, पशुपन्छी, प्रशासन/योजना तथा लेखा शाखाको प्रतिनिधित्व गरेर बढीमा ७ सदस्यीय हुनेछ ।

**३. उद्देश्यहरु:**

यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहने छन् ।

३.१ सिचाईको अभावमा कृषि कर्म गर्न वञ्चित कृषकहरुलाई सिचाईको पुर्वधारको विकास गरि कृषि कर्म गर्न प्रेरित गर्नु ।

३.२ करेसाबारीको स्थापना गरि बर्षैभरि करेसाबारीमा तरकारी, अन्नलगायतका बालीहरुको उब्जनी गर्न कृषकहरुलाई प्रेरित गर्नु ।

३.३ कृषि कर्म गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरुप अनुदान तथा टेवा प्रदान गर्ने ।

३.४ कृषि व्यवसाय तथा उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्न उपभोक्ताहरुलाई उत्प्रेरित गर्ने ।

३.५ करेसाबारीमा प्राङारिक बालीहरुको उत्पादन गर्न सिप विकास, तथा क्षमता अभिवृद्धि तालिम तथा प्रदर्शन गर्न अभिप्रेरित गर्नु ।

३.६ कृषि व्यवसायलाई थप रोजगारको अवसर सृजना गरि आयआर्जनमा प्रेरित गर्दै लैजाने।

३.७ कृषकहरुलाई करेसाबारीमा आवश्यक बिउबिजन, औजार-उपकरण, कृषि सामाग्रीहरु अनुदानमा उपलबध गराउनु

४. कार्यक्रमको प्राविधिक पक्ष/कार्यक्रम सञ्चालन कार्यविधिः

४.१. गाउँपालिकाको कार्यालयले वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी बजेट प्रस्ताव गर्ने छ ।

४.२. कार्यक्रम बजेट प्रस्ताव गर्दा एक वर्षको लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि बजेट प्रस्ताव गर्न गाउँपालिकाबाट साझेदारीका लागि अनुसुची १ बमोजिमको ढाँचामा सार्वजनिक रुपमा सूचना प्रवाह गरिने छ ।

४.३. सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम प्रस्ताव गर्दा गाउँपालिकाबाट सेवा प्रभावकारितामा वृद्धि गर्ने, आय आर्जन कार्यक्रम,प्रविधि प्रसार कार्यक्रम जस्ता कार्यक्रमका लागि प्राथमिकता दिनुपर्नेछ ।

४.४. कार्यक्रमका लागि लक्षित वर्गले तोकिएको ढांचामा निवेदन दिनुपर्ने छ।

४.५. कार्यक्रम सञ्चालनका लागि कृषक छनौट गर्दा सिंचाईको स्रोतको अभाव भएका, विपन्न वर्ग , दलित, महिला, जनजाती, एवं पछाडी परेका वर्गलाई प्राथमिकता दिइने छ ।

४.६. हतुवागढी सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ।

४.७. कृषक छनौट र मूल्यांकनका आधार गाउँ कार्यपालिकाले विद्यमान कार्यविधि तथा आर्थिक कार्यविधि अनुरुप निर्धारण गरी सोही आधारमा गर्नेछ ।

४.८. छनौट तथा स्वीकृत भएका कृषकहरु मार्फत कार्यक्रम सञ्चालन गरिने छ ।

४.९.कार्यालयबाट उपलब्ध गराउने रकम कृषकको बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।

४.१०. छनौट भएका कृषकहरुले करेसाबारीमा सिँचाई गर्ने प्रयोजनको लागि अनुसुची - ३ बमोजिमको लागत ईस्टिमेट अनुसार प्लेट वास र पिट निर्माण गर्नुपर्ने हुन्छ। साथै कम्तिमा २०० मिटर क्षेत्रमा बारबन्देज सहितको करेसाबारी निर्माण गर्नुपर्ने हुन्छ।

४.११. कार्यक्रम निर्धारित आ.व. भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

४.१२. कृषकले कार्यक्रमको सामाजिक लेखापरिक्षण गराउनु पर्नेछ ।

४.१३. कृषकको अभिलेख गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

४.१४. गाउँपालिकाबाट उपलब्ध गराइने रकम सम्झौता अनुरुप उपलब्ध हुनेछ । यसका लागि कार्यक्रम स्वीकृत भएपछि कार्यान्वयन गर्नु अघि सम्बन्धित कृषकसँग कार्यालयले सम्झौता गर्नेछ ।

४.१५. कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि सम्झौता गर्दा कृषक र कार्यालयलको तर्फबाट अन्तिम कार्यान्वयन योजना तयार गरी दुवै पक्षको उत्तरदायित्व स्पष्ट रुपले तोकीने छ ।

४.१६. कार्यक्रमको अनुगमन मूल्यांकन गाउँपालिका तथा वडा कार्यालयबाट संयुक्त रुपमा गरीनेछ ।

४.१७. कार्य सम्पन्न भएपछि सम्बन्धित वडाका प्राविधिकले मुल्याङ्कन गरि कार्य सम्पन्न प्रतिवेदन बनाउन पर्नेछ ।सो प्रतिवेदनको आधारमा कार्यालयको तर्फबाट उपलब्ध गराइने रकम भुक्तानी गरिनेछ ।

५. कार्यक्रमको आर्थिक पक्ष/नर्म्स/खर्चको मापदण्डः

५.१. गाउँपालिकाको कार्यालयले अनुसुची - ३ बमोजिमको लागत ईस्टिमेट अनुरुप प्राविधिकको मुल्याङ्कनको आधारमा बढीमा ६४ प्रतिशत सहयोग उपलब्ध गराउन सक्नेछ । र बाँकि ३६ % कृषकको लागत सहभागिता हुने छ।

५.२ कार्यक्रम छनौट भएका कृषक तथा गाउँपालिकाबाट संयुक्त रुपमा सञ्चालन गरिने छ ।

६. छनौट प्रकृया

सम्बन्धित वडा कार्यालयहरुले आ-आफ्नो वडाभित्र स्थायी बसोबास गरिरहेका सिंचाईको स्रोतको अभाव भएका, महिला,दलित, जनजाती, विपन्न वर्ग एवं पछाडी परेका वर्गलाई प्राथमिकता क्रममा राखेर योग्य १० जना कृषक तथा वैकल्पिक ५ जना गरि जम्मा १५ जना कृषक छनौट गरेर पठाउनुपर्नेछ । छनौट भएका कृषकहरुले अनुसुची २ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ । वडाबाट छनौट भईपेश भएका कृषकहरुलाई गाउँ कार्यपालिकाबाट अनुमोदन गराई अथवा छनौट समितिबाट अनुसुचि ३ बमोजिमको छनौटको मापदण्ड अनुसार कृषकहरुको स्थलगत अनुगमन गरि मुल्याङ्कन पश्चात् छनौट गरिने छ ।

७. कार्यक्रम सम्झौता

कार्यालयबाट छनौट भई कार्यक्रम संचालनका लागि स्वीकृत भएका कृषकहरुसँग अनुसुचि ४ बमोजिमको ढाँचामा सम्झौता गराई कार्यक्रम कार्यान्वयन गरिने छ ।

८. कार्य सम्पन्न प्रतिवेदन

सम्बन्धित वडा प्राविधिकहरुले कार्यक्रम सम्झौता अनुसार कार्यक्रम पुर्ण रुपले सम्पन्न भईसकेपछि मुल्याङ्कन पश्चात कार्य सम्पन्न प्रतिवेदन हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. अनुगमन तथा मुल्याङ्कनको व्यवस्थाः गाउँपालिकाबाट नियमित अनुगमन गरि अनुगमन तथा मुल्यांकनको प्रतिवेदन अनिवार्य समेत तयार गरिनेछ ।

१०. मर्मत /सम्भारः- कार्यक्रम सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत / सम्भार गर्ने सम्पुर्ण जिम्मेवारी सम्बन्धित कृषकको हुने छ ।

११. प्रचलित कानुन लागु हुनेः यो कार्यविधीमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. बाधा अड्काउ फुकाउनेः- यस कार्यविधी कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सोको निरुपण गाउँपालिकाले गर्नेछ।

१३. कार्यविधि संशोधनः- यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाले संशोधन तथा खारेज गर्न सक्नेछ।

## अनुसुची १

## सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम सम्बन्धी सुचना

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. ......................... को ......................... अनुदान तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम ६४% अनुदानमा संचालन हुने भएको हुदाँ नीतिको मापदण्ड भित्रका ईच्छुक कृषकहरुले संलग्न अनुसुची २ बमोजिमको फाराम भरि आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५ ( पन्ध्र) दिन (मिति २०७.../..../.... गते) भित्र सम्बन्धित वडा कार्यालय वा यस कार्यालयको कृषि विकास शाखामा आवेदन दर्ता गर्नुहुन जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीको लागि सम्बन्धित वडा, वडामा रहनुभएका कृषि प्राविधिक वा कृषि विकास शाखामा सम्पर्क गर्न सक्नु हुनेछ ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. अनुसुची बमोजिमको माग आवेदन फाराम
२. व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि

## अनुसुचि २

## आवेदन फाराम

मितिः

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
[illegible] गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
[illegible], भोजपुर ।

विषयः सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सञ्चालन गरिने सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम प्राप्तिका लागि तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु । कार्यालयले तोकेको कार्यविधितथा प्रचलित नियम कानून अपनाई सोही अनुसार कार्यक्रम सञ्चालन गर्न पुर्ण रुपमा मन्जुर भएको व्यहोरा समेत अनुरोध गर्दछु ।

**प्रस्तावना-पत्र**

| क.स. | विवरण | |
|---|---|---|
| १ | कृषकको नाम | |
| २ | स्थायी ठेगाना | |
| ३ | कार्यक्रमबाट लाभान्वित हुने परिवारका सदस्य संख्या | |
| ४ | कृषकले गर्न चाहेको कार्यक्रमको नाम | |
| ५ | कार्यक्रमबाट प्राप्त हुने प्रतिफल | |
| ६ | कार्यक्रम सञ्चालन स्थलः | |
| ७ | खेति गरिने कुल क्षेत्रफल | |
| ८ | खेति गरिने बालीहरु | |
| ९ | कार्यक्रम स्थलमा वर्षभरि हुने सिंचाईको उपलब्धता (महिना) | |
| १० | नजिकको सिंचाईको स्रोतः | |
| ११ | सिंचाईको श्रोत र कार्यक्रम स्थल बिचको दुरी | |
| १२ | माग गरेको कार्यक्रमलाई लाग्ने जम्मा बजेट रु. | |
| १३ | कृषकले व्यहोर्ने रकम रु. | |
| १४ | कार्यक्रम सम्बन्धी अन्य विवरण | |

निवेदकको नामः
हस्ताक्षारः
मितिः
सम्पर्क नं

# DETAILED ESTIMATE & ABSTRACT OF COST

Name of project:- सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम आ.व. ...........

कार्यक्रम संचालन गर्ने कृषकको नामः- ..........................................

Site of Work:- हतुवागढी गा.पा.......

| S.no. | Items of works | No | Length (m) | Breadth (m) | Height (m) | Quantity | Unit | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | **Earthwork in excavation in oridinary Soil** | | | | | | | | | |
| | Plate Wash | 1 | 1.00 | 1.00 | 0.20 | 0.20 | Cum | | | |
| | Pit | 1 | 1.60 | 1.60 | 1.20 | 3.07 | Cum | | | |
| | | | | Total | | 3.27 | Cum | 497.49 | 1627.79 | |
| 2 | **Stone Soling Work** | | | | | | | | | |
| | Plate Wash | 1 | 1.00 | 1.00 | 0.10 | 0.10 | Cum | | | |
| | Pit | 1 | 1.60 | 1.60 | 0.10 | 0.26 | Cum | | | |
| | | | | Total | | 0.36 | Cum | 2955.00 | 1051.98 | |
| 3 | **P.C.C. work in 1:3:6** | | | | | | | | | |
| | Plate Wash | 1 | 1.00 | 1.00 | 0.08 | 0.08 | Cum | | | |
| | Boundary on plate wash | 1 | 3.60 | 0.20 | 0.10 | 0.07 | Cum | | | |
| | Pit | 1 | 1.60 | 1.60 | 0.08 | 0.19 | Cum | | | |
| | | | | Total | | 0.34 | Cum | 13956.20 | 4731.15 | |
| 4 | **Stone masonary in mud mortar** | | | | | | | | | |
| | Pit | 1 | 5.20 | 0.30 | 1.00 | 1.56 | Cum | 4346.10 | 6779.92 | |
| 5 | **12.5 thick Plaster work in 1:6 c/s mortar** | | | | | | | | | |
| | Pit | 1 | 4.00 | | 1.00 | 4.00 | Sq.m | 385.73 | 1542.92 | |
| | | | | | | | | **Total Estimated Amount NRs** | **15733.76** | |

## अनुसुची ४

## सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रम सम्बन्धी सम्झौता पत्र

लिखितम् हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय ( यसपछि प्रथम पक्ष भनिने) र हतुवागढी गाउँपालिका वडा नं. ........ मा स्थायी बसोबास गरि रहनु भएको वर्ष/उमेर ............. को श्री ...................................... को नाति/नातिनी तथा श्री ........................................ को छोरा/छोरी , ना.प्र.प. नं....................................... भएका कृषक श्री ...................................... (यसपछि दोस्रो पक्ष भनिने) बीच सुख्खा गाउँबस्ती करेसाबारी. कार्यक्रम कार्यान्वयन प्रयोजनको लागि तपशिलका शर्तहरुमा पालना गर्ने गरि यो सम्झौता पत्रमा हस्ताक्षर गरि एक/एक प्रति दियौं/लियौं ।

शर्तहरु:-

१. यो सम्झौता, सम्झौता भएको मिति देखिप्रारम्भ भएको मानिनेछ ।

२. दोस्रो पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ ।

३. यस सुख्खा गाउँबस्ती करेसाबारी कार्यक्रमको संचालन कृषक आफैंले गर्नुपर्नेछ । आफुले नगरी दोस्रो व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गराउन पाइने छैन ।

४. दोस्रो पक्षले अनुसुची – ३ बमोजिमको निर्माण कार्य साथै कम्तिमा २०० वर्ग मि. क्षेत्रमा बारबन्देज सहितको करेसाबारीको निर्माण सम्पन्न भईसकेपछी उक्त करेसाबारीमा तरकारी खेती गर्नु पर्ने छ।

५.दोस्रो पक्षले यसै योजनाको लागि आफ्नै समूहको श्रोत वाहेक कुनै सरकारी,गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भएमा सो को जानकारी गा.पा.को कायार्लयलाई जानकारी गराउनुपर्नेछ ।

६.दोस्रो पक्षले काम गर्दा गा.पा.को कार्यालयबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नुपर्नेछ ।

७. दोस्रो पक्षले यस योजनाको निर्माण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

८. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्ष आफै हुने छ ।

९. यसरी निर्माण भएको सिँचाई ट्याङ्की (पिट) करेसाबारीमा सिँचाई प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

१०. सम्झौता भएको मिति देखि बढीमा ३० दिन भित्र यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन, इस्टिमेट अनुसार) पूर्ण तथा सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्नेछ ।

११. कार्यक्रम सम्पन्न पश्चात् सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको नै हुनेछ ।

१२. निर्माण कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा गाउँ कार्यपालिकाको निर्णय नै अन्तिम मानिनेछ ।

१२. यो सम्झौतामा उल्लेख भएका कुराहमा यस वमोजिम र अन्य कुराहरुमा प्रचिलत ऐन नियम अनुसार हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्ष:<br>नाम:<br>हस्ताक्षर:<br>मिति:<br>कार्यालयको छाप: | दोस्रो पक्षः<br>कृषकको नामः<br>हस्ताक्षरः<br>सम्पर्क नं.<br>मितिः |

रोहबर:

नाम:-

पद:-

हस्ताक्षर:-

## अनुसुची ५

## छनौटको मापदण्ड

| क्र.स. | मुल्यांकनका आधार/पुर्णाङ्क | मुल्यांकन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | सामान्य | मध्यम | राम्रो | |
| १ | कार्यक्रमको उपयुक्तता (२०) | १० | १५ | २० | |
| २ | सिंचाईको पुर्वधारको अवस्था(२०) | २० | १५ | १० | |
| ३ | आर्थिक अवस्था(२०) | २० | १५ | १० | |
| ४ | करेसाबारीमा खेति गरिरहेको अवस्था(२०) | १० | १५ | २० | |
| ५ | कृषि कर्म प्रतिको लगाव/निरन्तरता | १० | १५ | २० | |

अनुगमन/मुल्याङ्कन कर्ताः

| १ | नाम | पद | कार्यालय | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**आज्ञाले:**

**मणिराम खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका राजपत्र